annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २८६ पृष्ठ ८ | काठमाडौं, बुधबार ७ फागुन २०८१ | फाल्गुन कृष्णपक्ष सप्तमी, नेपाल संवत् ११४५ | WEDNESDAY, FEBRUARY 19, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


## किन रित्तिँदैछन् गाउँका विद्यालय ?


शिक्षा नियमावली २०५९ को अनुसूची ३ (ठ) ले भन्छ- सामुदायिक विद्यालय सञ्चालन गर्न कम्तीमा पनि एउटा कक्षा कोठामा (तराईमा ५० जना, पहाडमा ४५ र हिमाली क्षेत्रमा ४० जना) विद्यार्थी अनिवार्य हुनुपर्छ ।' तर, नियमावलीले तोकेअनुसार सामुदायिक विद्यालयमा विद्यार्थी छैनन् । विद्यार्थी संख्यालाई नै आधार मान्ने हो भने देशभरका हजारौं विद्यालय सञ्चालनका लागि मापदण्डविपरीत छन् । प्रावि तहका गाउँका केही विद्यालयमा तीन/चार जनामात्र विद्यार्थी अध्ययनरत छन् । विद्यार्थी नपाएर कतिपय विद्यालय बन्द गर्ने र माथिल्लो कक्षा घटाउने लहर चलेको छ । सहरी क्षेत्रका सामुदायिक विद्यालयमा विद्यार्थीको चाप देखिए पनि गाउँका विद्यालयहरू अस्तित्वको संकटबाट गुज्रिएका छन् ।

**केशरराज क्षेत्री** | *बुटवल*

**- को रिपोर्ट**

समाचार पृष्ठ २



**विद्यार्थी नभएपछि कक्षा ३ बाट झरेर बालविकासमा मात्र पढाइ हुँदै आइरहेको मालिका गाउँपालिका–५ रग गुल्मीको मालिका प्रावि । यस विद्यालयमा ५ जना मात्र बालबालिका पढ्छन् ।**
● केशरराज क्षेत्री

### ओडिसा पुगे नेपाली सुरक्षाकर्मी

## नेपाली विद्यार्थीको कल्याण सुनिश्चित गरिनेछ : दूतावास

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

भारतको ओडिसा राज्यस्थित कालिंगा इन्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी(केआईआईटी) ले नेपाली विद्यार्थीसँग माफी माग्दै फिर्ता आउन आग्रह गरेको छ। नेपाली छात्राको शंकास्पद मृत्युपछि विद्यार्थीले प्रदर्शन गरेका थिए। त्यसको सुनुवाइ गर्नुको साटो विश्वविद्यालयले 'दमन' गरेर नेपाली विद्यार्थीलाई लखेटेको थियो। त्यसको चौतर्फी विरोधपछि विश्वविद्यालयले माफी माग्दै नेपाली विद्यार्थीलाई फिर्ता आउन आग्रह गरेको हो।

काठमाडौंस्थित भारतीय दूतावासले उक्त घटनामा संलग्न गार्डहरूलाई पक्राउ गर्न र गल्ती गर्नेलाई निलम्बन गर्न ओडिसा सरकारले कदम चालेको जनाएको छ। यस्तै, भुवेश्वरी प्रहरी आयुक्तालयले अभियुक्त विद्यार्थीविरुद्ध फौजदारी मुद्दा दर्ता गरिएको र उनलाई पक्राउ गरी न्यायिक हिरासतमा पठाइएको जानकारी दिएको पनि बताएको छ। दूतावासले मंगलबार जारी गरेको विज्ञप्तिमा भनिएको छ- भारत सरकारले भारतमा रहेका नेपाली विद्यार्थीहरूको कल्याण सुनिश्चित गर्न सबै आवश्यक कदम चाल्नेछ।' उक्त घटनापछि नयाँ दिल्लीस्थित नेपाली राजदूतावासका काउन्सिलर प्रहरी वरिष्ठ उपरिक्षक सञ्जीव शर्मासहितको टोली घटनास्थल (केआईआईटी) पुगेको थियो।

टोलीले घटनाको विषयमा केआईआईटीसँग छलफल र अन्तक्रिया गरिरहेको छ। विश्वविद्यालयका भाइस चान्सलरले निष्काशित नेपाली विद्यार्थी फर्काउन राजी भएको छ। विश्वविद्यालयले घर फर्किन चाहने विद्यार्थीलाई आतेजाते खर्च दिने सहमति जनाएको काउन्सिलर शर्माले जानकारी दिए। उनले त्यहाँ अध्ययनरत विद्यार्थीसँग भेटेर छलफल भइरहेको बताए।

'नेपाली विद्यार्थीसँगै बसेर खाना खान्छौं, कुरा गर्छौं, उनले भने, अहिले त बेसाहारे नेपाली विद्यार्थीका बावुआमा जो भने पनि हामी नै हौं।' उनले दुई चार दिन बसेर समस्या समाधान गरी विद्यार्थीमा रहेको डरत्रास नि हटाएर मात्रै फर्कने उनले बताए। 'हामी छौं, कुनै डर त्रास मान्नु पर्दैन, जहाँ भए पनि यहाँ फिर्ता आउन आग्रह गर्छु,' उनले भने, २/४ दिन बसेर पूरै समस्या समाधान गरेर मात्रै फर्कन्छौं।'

यो घटनामा संलग्न चार जना विद्यार्थी पक्राउ परेको जानकारी पनि भारतीय सञ्चार माध्यमले दिएका छन्। त्यहाँ १ हजार १ सय ८० नेपाली विद्यार्थी अध्ययनरत छन्।

४० हजार बढी विद्यार्थी रहेको केआईआईटीमा नेपाली विद्यार्थीमाथि ज्यादति भएको थियो। गत आइतबार विश्वविद्यालयको होस्टलमा बुटवलकी छात्रा प्रकृति लम्सालको विश्वविद्यालयको छात्रावासमा शंकास्पद मृत्यु भएको थियो। छात्रा लम्सालको शंकास्पद मृत्युलाई विश्वविद्यालयले आत्महत्या भनेपछि आक्रोसित विद्यार्थीहरूले छानबिनको माग गर्दै विश्वविद्यालयमा प्रदर्शन गरेका थिए। भारतीय विद्यार्थीको दुर्व्यवहारका कारण नै छात्राको मृत्यु भएको नेपाली विद्यार्थीहरूको भनाइ छ।

» बाँकी पृष्ठ ७

## एमसीसी परियोजनाको अनुदान स्थगित

**सुनिता कार्की** | *काठमाडौं*

अमेरिकी सहायता मिलेनियम च्यालेन्ज कर्पोरेसन(एमसीसी) परियोजना ९० दिनका लागि रोकिएको छ। फागुन २ गते एमसीसीले इमेलमार्फत परियोजनाअन्तर्गत नेपाललाई दिने भनिएको सहायता रोकेको अर्थ मन्त्रालयले जानकारी दिएको छ।

नेपाल सरकारको एजेन्सीको रूपमा मिलेनियम च्यालेन्ज अकाउन्ट (एमसीए नेपाल) मार्फत एमसीसी आयोजना कार्यान्वयन भइरहेको थियो।

नेपाल सरकार र एमसीसीबीच ०७४ भदौ २९ मा कम्प्याक्ट सम्झौता भएको थियो। सोहीअन्तर्गत कार्यान्वयन भइरहेका आयोजनाहरूसँग सम्बन्धित एमसीसी फन्डबाट भुक्तानी हुने क्रियाकलापहरू रोकिएको बताइएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ०८१ माघ ७ (जनवरी २५, २०२५) मा ९० दिनका लागि विदेशी सहायता रोक्ने उद्घोष गरेका थिए। उक्त उद्घोषपछि अर्थ मन्त्रालयले यूएसएड् अन्तरगतका अमेरिकी आयोजना रोक्न मात्र पत्र आएको बताइरहेको थियो।

» बाँकी पृष्ठ ७




बुधबारको अनुमानित अधिकतम र न्यूनतम तापक्रम (सेल्सियसमा)

| | | |
|---|---|---|
| धनगढी | २८° | ११° |
| जुम्ला | १८° | -४° |
| पोखरा | २३° | १२° |
| भैरहवा | २७° | १२° |
| काठमाडौं | २२° | ७° |
| जनकपुर | २९° | १४° |
| विराटनगर | २७° | १२° |

*स्रोत: जल तथा मौसम विज्ञान विभाग*

## ००७ सालदेखि नै स्थायी सरकार बन्नै सकेन



**नीलाम्बर आचार्य**

२

००७ सालको क्रान्ति नेपालको राजनीतिक इतिहासमा महत्वपूर्ण घटना हो। शुक्रराज शात्री, गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा र दशरथ चन्दले बलिदानी दिए। नेपाली जनताका लागि ठूलो उपलब्धि पनि हो। ००७ सालअघि नै नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी स्थापना भए। संघर्षकै लागि प्रजापरिषद् पार्टी स्थापना भयो। ००७ सालको क्रान्तिले राजनीतिक स्वतन्त्रता दियो।

प्रजातन्त्रले जनतालाई अधिकार दियो, पार्टीलाई अधिकार दियो। प्रजातन्त्र निरन्तर चलिरहने प्रक्रिया हो। प्रजातन्त्रमा समय समयमा अबरोध भए। प्रजातन्त्र कहिले टुट्न गयो, यसैका लागि कहिले फेरि संघर्ष गर्नुपर्ने परिस्थिति आयो। नेपालमा प्रजातन्त्र बाँङ्गो टिंगो बाटोबाट अघि बढिरहेको छ । देशले राजनीतिक रूपमा फड्को त मार्‍यो, तर आर्थिक तथा सामाजिक रूपान्तरण भएन।

नेपाल यस्तो देश हो, जसले ३/३ वटा क्रान्ति गर्नुपर्‍यो। २००७ मा त्यत्रो क्रान्ति भयो। १०४ वर्षीय जहानियाँ राणा शासनविरुद्ध संघर्ष गर्नुपर्‍यो। यो क्रान्तिले राणाशासन फाल्यो। तर, प्रजातन्त्र स्थायी भएन। निरंकुश पञ्चायती व्यवस्था लादियो। ०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनाका लागि लड्नु पर्‍यो। त्यो संघर्षले ३० वर्षे निरंकुस एकदलीय पञ्चायती व्यवस्था अन्त्य गर्‍यो। ०६२/६३ सालमा अर्को ठूलो जनआन्दोलन भयो। त्यो आन्दोलनबाट लोकतन्त्रको स्थापना भयो। राजतन्त्रको अन्त्य भयो। गणतन्त्रको स्थापना भयो।

०७२ सालमा संविधानसभाबाट संविधान बन्यो। त्यसपछि गणतन्त्र नेपालको संस्थागत विकास सुरुवात भएको छ। तर, पार्टीहरूबीचको सम्बन्ध अनौठो किसिमको भयो। जुट्न पनि सक्दैनन्, मिल्न पनि सक्दैनन्। कहिले मिल्छन् कहिले तिनै नानाथरी आरोप-प्रत्यारोपमा उत्रन्छन्। निरन्तर पाँच वर्ष देश हाँक्ने सरकार पनि बनाउन सक्दैनन्। जबसम्म केन्द्र बलियो हुँदैन। अरू कुराहरू चाहिएको गतिमा अघि बढेनन्। त्यही नियति भोगिरहेका छौं। यसबाट जनता निराश छन्। असन्तुष्टि चुलिएको छ।

तर, देशमा केही पनि भएन भन्ने कुरा सही होइन। ००७ यता देशमा व्यापक परिवर्तन भएको छ। नेपाल बदलिएको छ। मैले देख्दा देख्दै भौतिक, सांस्कृतिक रूपमा, सामाजिक रूपमा देशले फड्को मारेको छ। वैदेशिक सम्बन्धको हिसाबले धेरै राम्रो भएको छ। तर, समयक्रमअनुसार जति रूपान्तरण हुनुपर्ने थियो, जति धेरै आर्थिक विकास गर्नुपर्ने थियो, जति युवाहरूको रोजगारी प्राप्ति हुनुपर्ने थियो, त्यसअनुसार नभएकै हो। हाम्रो देश प्राकृतिक साधन स्रोतमा धनी छ। तर, यी तिनको सही उपयोग गर्ने मामिलामा सोचे जति हुन सकेको छैन।

मुलुकको नेतृत्व बलियो हुनका लागि सरकार बलियो हुनुपर्छ। सरकार बलियो हुनका लागि निर्धक्क साथ पाँच वर्षसम्म निर्वाचित गरेको सरकारले काम गर्न पाउने बातावरण हुनु र्छ। लगातार पाँच वर्ष सरकार नचलेको कारण नै मुलुममा अनेक समस्या आएका हुन्।

» बाँकी पृष्ठ ७

प्रजातन्त्र दिवस विशेष

## अब सामाजिक र आर्थिक क्रान्ति



**विश्वप्रकाश शर्मा**

२

००७ सालको क्रान्ति नेपाली राजनीतिक आन्दोलनको पहिलो जनक्रान्ति थियो। उक्त जनक्रान्तिले २/३ वटा प्रमुख आधारभूत विषयमा न्याय दियो। पहिलो, नागरिक स्वतन्त्रता। त्यसअघि हिँडडुल गर्न पनि अनुमति लिनुपर्थ्यो। जनक्रान्तिले नागरिकलाई बन्धनबाट मुक्ति दिलायो। स्वतन्त्रताको ढोका खोल्यो। जनक्रान्तिको यो मुख्य उपलब्धि थियो।

दोस्रो, देशलाई लोकतान्त्रिक शासन प्रणालीतर्फ अग्रसर गरायो। अर्थात्, नवीन राज्य प्रणालीतर्फ जानका लागि महत्वपूर्ण योगदान पुर्‍यायो। तेस्रो, क्रान्ति लगत्तै शिक्षाको विकास ह्वात्तै भयो। ००७ सालको क्रान्तिपछि नै देशव्यापी स्कुलहरू खुल्न थाले, जसले जनतामा शिक्षा र चेतनाको स्तर बढेर गयो। त्यही चेतनाको जगमा उभिएर नेपाल आज यहाँ आइपुगेको छ। ००७ सालमा राजनीतिक परिवर्तन त भयो। तर, राज्यशक्ति नागरिकमा आएर संविधानसभामार्फत नयाँ संविधान बनेर जान्छ भन्ने अपेक्षा पूरा भएन। त्यसैकारण राजाले ०१७ सालमा 'कु' गरेर शक्ति हातमा लिए। यद्यपि, ०१५ सालको निर्वाचन बाट पहिलो निर्वाचित सरकारले देश समुन्नतिको प्रारम्भिक जग भने खडा गरेको थियो।

यतिबेला हामी समृद्धिको दोस्रो जगमा टेकिरहेका छौं। अब, तेस्रो स्टेपमा जानुपर्ने चरणमा छौं। पहिलो जग जननेता बीपी कोइराला प्रधानमन्त्री भएको बेलामा बन्यो। त्यसलाई निरन्तरता दिन सक्नुपर्थ्यो। जस्तो कि नेपालमा विश्वविद्यालय थिएन। पहिलो विश्वविद्यालय नै बीपीको पालामा बन्यो। पहिलो एयरलायन्स बीपीकै पालामा स्थापित भयो।

जंगलहरू व्यक्तिका नाममा थिए, त्यसको राष्ट्रियकरण बीपीकै पालामा भयो। पछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएका बेलामा वनलाई समुदायमा हस्तान्तरण गरियो। नेपालमा नेपाली रुपैयाँ (नेरु) नोटको सुरुवात पनि त्यति बेलै भयो। मेची-महाकाली हाइवेको सर्भे गर्ने काम पनि बीपी कोइरालाकै पालामा भएको थियो। जसलाई पञ्चायतकालमा महेन्द्र राजमार्ग नाम दिइएको थियो। यसरी अन्य विविध विषयमा पनि समुन्नतिको प्रारम्भिक जग त्यो बेला बसेको थियो। तर, संसदीय प्रणालीले राम्ररी काम गर्न पाएन।

३० वर्षसम्म लोकतान्त्रिक प्रणालीलाई अवरुद्ध गरियो। ००७ सालको क्रान्तिले जुन खालको स्पिड लिएको थियो, ०१७ साल पुस १ गतेको राजाको 'कु' ले ब्रेक लगायो। त्यसपछि ०४६ सालमा राजनीतिक परिवर्तन भयो। परिवर्तन हुनु अगाडिको सानो चित्र सम्झिने हो भने विपि कोइराला प्रधानमन्त्री भएका बेला ०१६ सालमा शिलान्यास भएको बनेपा-बर्दिवास सडककै अवस्था हेरौं न। बीपीले उद्घाटन गरेकै कारणले त्यो बाटो त्यस बेला बन्न सकेन। विपिले शिलान्यास गरेको बाटो बनाउनलाई प्रजातन्त्र नै पुनर्वहाली भएको सरकार पर्खिनुपर्‍यो। यस्ता कैयौं उदाहरण छन्, देशले प्रजातान्त्रिक प्रणालीको बाटोबाट नै देशले समुन्नति हासिल गर्न सक्छ भन्ने स्पष्ट देखाएका छन्।

» बाँकी पृष्ठ ७